मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मनरा,महोत्तरी
मधेश प्रदेश ,नेपाल

आन्तरिक आय तर्फको शिलबन्दी दरभाउ पत्र आहवान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/२०)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ध) मा भएको व्यवस्था, नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त सम्बन्धि कार्यविधि, २०८०), र नगर कार्यपालिकाको मिति २०८०/०७/१७ गतेको निर्णयानुसार देहाय बमोजिम आन्तरिक आय असूल सम्वन्धि कार्य आ.व. २०८०/८१ तथा तल उल्लेखित वर्षको लागि ठेक्का द्वारा गराउनको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पुरा गरेको इच्छुक फर्महरुले बोलपत्र पेश गर्नु पर्नेछ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगर कार्यापालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।.

तपसिलः

क्र.सं.	ठेक्का नं.	पोखरीको विवरण	ठेक्का अवधि	न्युन्तम कवुल अंक (मु.अ.क.बाहेक)	फिर्ता नहुनेगरी बोल पत्र फारम दस्तुर
१	१०/२०८०/८१-राजस्व	विजन पोखरी ,म.शि.न.पा.-१० (मरुवाही)	३ वर्ष	रु. १,५०,०००।-	रु.१०००।-
२	११/२०८०/८१-राजस्व	लोहार घर नजिकको पोखरी ,म.शि.न.पा.-८ (सहसराम)	३ वर्ष	रु.१३,००,०००।-	रु.३०००।-
३	१२/२०८०/८१-राजस्व	काजि पोखरी ,म.शि.न.पा.-४(साँढा)	३ वर्ष	रु.६,००,०००।-	रु.३०००।-
४	१३/२०८०/८१-राजस्व	साहुजी पोखरी ,म.शि.न.पा.-४(जाउख)	३ वर्ष	रु.७,००,०००।-	रु.३०००।-
५	१४/२०८०/८१-राजस्व	पसल घर -२८ वटा - म.शि.न.पा.-५ (कटैया बजार) २४ वटा कोठाको भाडा रकम रु. र ४ वटा कोठाको भाडा रकम रु.(पुर्व र पश्चिम पट्टीको)	मासिक रु.६००।- रु.३००।-	१ वर्ष	रु.५००।-
६	१५/२०८०/८१-राजस्व	पसल घर -१० वटा (घर भएको)- म.शि.न.पा.-१ (मनरा बजार) कोठा नं.१,२,३,४,५,६,७,८,९,१०(९ वटा कोठाको भाडा र कोठा नं.७को भाडा	मासिक रु. ९०० ।- रु.७०० ।-	१ वर्ष	रु.५००।-
७	१६/२०८०/८१-राजस्व	पसल घर -५ वटा (खाली जग्गा)- म.शि.न.पा.-१ (मनरा बजार) जग्गा कपडा पसलको भाडा रकम नास्ता पसल भाडा रकम ३ वटा पान पसलको भाडा	मासिक रु.२०० ।- रु.३०० ।- रु.१०० ।-	१ वर्ष	रु.५००।-

८	१७/२०८०/८१-राजस्व	मनराशिसवा नगरपालिका वडा नं.१ मनरा बजार (वडा कार्यालय देखि दक्षिण, हुलाकी सडक देखि पश्चिम, पोखरी देखि पूर्व र कट्टी जाने बाटो देखि उत्तर यी चार किल्ला भित्र पर्ने खाली सार्वजनिक जग्गा	मासिक रु.३००।-	१ वर्ष	रु.१०००।-
९	१८/२०८०/८१-राजस्व	भटेरनी पोखरी -मनराशिसवा नगरपालिका वडा नं.-७	रु.१९९८५००।-	३ वर्ष	रु.३०००।-

ठेक्का सम्बन्धि सामान्य शर्तहरु :-

१) दरभाउपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) राजस्व शाखाबाट तोकिएको समयमा खरिद गरि पेश गर्नु पर्नेछ ।

२) शिलवन्दी दरभाउपत्र साथ जमानत वापत कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको लक्ष्मी-सनराइज बैंक ,शाखा कार्यालय मनरा ,महोत्तरी मा रहेको धरौटी खाता नं. ग.३ धरौटी खाता ०८४०३०००१९३ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तोकिएको मिति र समयभित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३) माथि उल्लेखित ठेक्काको कार्य स्थल दरभाउ दाताले आफै स्थलगत निरीक्षण गर्नु पर्ने छ र केहि सुझाव भए लिखित रुपमा कार्यलयमा निबेदन पेश गर्नु पर्ने छ ।

४) दरभाउपत्र फारम खरिद गर्ने अन्तिम **मिति २०८०/१०/०५** गतेका दिन कार्यालय समय सम्म र दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम **मिति २०८०/१०/०७** गतेका दिन १२:०० बजे सम्म तथा सोहि दिन १:०० बजे दरभाउ पत्र खोली मुचुल्का गरिनेछ ।

५) दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र पत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु उल्लेख गरिएको समयमा गरिनेछ ।

६) छुट्टा छुट्टै विषयको दरभाउपत्र फारम छुट्टा छुट्टै खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्मको नाम र छाप स्पस्ट लेखी, यस कार्यालयको नाम उल्लेख गरि पेश गर्नु पर्ने छ ।

७) रितपूर्वक दाखिला भएको शिलवन्दी दरभाउपत्रहरु कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नाम उल्लेख गरी पेश गर्नु पर्ने छ ।नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

८) म्याद नाघी आएको वा रित नपुगेको वाकुनै शर्तराखी पेश भएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

९) दरभाउपत्र खरिद गर्न र पेश गर्न मु.अ.करमा दर्ता भै आ.व. २०७९/०८० को कर चुक्ता भएको प्रमाणित प्रतिलिपि हुनुपर्ने वा प्रचलित कानुन अनुसार , फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा व्यवसाय कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र मुल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्ने छ ।

१०) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस नगरपालिकामा सुरक्षित रहने छ ।

११) कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस नगरपालिकाको राजश्व शाखामा आई विस्तृत विवरण वुझ्न सकिनेछ ।

१२) यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरु को हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

(नोटः- प्रति पसल-प्रति वर्ष भाडा कार्यलयले तोकेको प्रतिशतको आधारमा वृद्धि हुने ।)

प्रमुख प्रशासकिय अधिकृत

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत